# मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भोर्लेटार, लमजुङ
## गण्डकी प्रदेश, नेपाल

फोन नं ०६६-४१०२५२

पत्र सं: ०८१/०८२

च. नं.

---

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना**

*प्रथम पटक प्रकाशन मितिः २०८१/११/०५*

यस कार्यालयको आ.व.२०८१/०८२ को सशर्त कार्यक्रम अन्तर्गत मध्यनेपाल नगरपालिकाका विपन्न महिला, कोभिड-१९ प्रभावित महिला, एकल महिला, हिंसा पीडित महिला, परिवारमा कृषि वाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारका महिलालाई राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम मार्फत विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी ल्याउन, स्थानिय स्रोत साधनको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्न, आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमवाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड, २०७७ को परिच्छेद ३ को दफा ६ बमोजिमको व्यवसाय क्षेत्रको परिधिभित्र रही इच्छुक संस्था एवं सहकारी सस्थाहरुले देहाय बमोजिमको प्रकिया पुरा गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

१.प्रचलित नियम अनुसार दर्ता भई कार्य सञ्चालनमा रहेका संस्था एवं सहकारी संस्थाहरुले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड, २०७७ को अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ । मापदण्ड यस कार्यालयको website-www.madhyanepalmun.gov.np मा उपलब्ध छ ।

२.कार्यक्रम सञ्चालनको प्रस्ताव मूल्याङ्कन तथा छनौट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

३.कार्यक्रम सञ्चालनको प्रस्ताव आव्हानको सूचना प्रकाशन हुनु अगावै कानुन बमोजिम दर्ता भई कार्यसञ्चालन गरिरहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।

४.प्रस्ताव पेश गर्ने संस्थाले प्रचलित कानुन वमोजिम संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं, गत आ.वको करचुक्ता प्रमाणपत्र र लेखापरिक्षण प्रतिवेदनका साथै राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड, २०७७ को दफा १० को उपदफा २ बमोजिम सम्पूर्ण विवरण खुलाई कागजात पेश गरेको हुनुपर्नेछ ।

५.रित नपुगी आएको र तोकिएको समय सीमा भित्र पेश नभएको प्रस्ताव दर्ता हुने छैन ।

६.अन्य सम्पुर्ण कार्य संचालन प्रक्रिया राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ ।विस्तृत जानकारीको लागि मध्यनेपाल नगरपालिकाको महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क (मोवाईल नं ९८४६४९३०३१, ९८६००१२०४४) राखुहुन अनुरोध छ ।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

---